बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

# पशु सेवा कार्यालय

फोन नं.: ०४९-४२१११५
ईमेलः dlsodolakha@gmail.com
वेबसाइटः www.vetdolakha.gov.np

चरिकोट, दोलखा

सूचना नं. ०७/२०८२/८३

## प्रस्ताव आव्हानको सूचना ।

(प्रथम पटक सूचना प्रकाशन मितिः२०८२/१२/०३)

पशु सेवा कार्यालय, दोलखाको आ.व. २०८२/८३ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार ***पशुपन्छी तथा मत्स्यपालनका लागि यन्त्र तथा उपकरण वितरण कार्यक्रम*** एकिकृत पशुपन्छी तथा मत्स्य विकास कार्यान्वयन कार्यविधि, २०८२ बमोजिम लागत साझेदारीमा सञ्चालन गर्न ईच्छुक पशुपालक कृषक समूह/सहकारी/ निजी फार्महरुले यो सूचना प्रकाशन भएको मितिले २१ (एक्काइस) दिन (२०८२/१२/२३ गते) भित्र आवश्यक कागजातहरु सहित यस कार्यालयमा प्रस्ताव दर्ता गर्नुहुन आव्हान गरिन्छ। साथै रित नपुगी वा म्याद नाघि प्राप्त प्रस्तावहरु छनौटमा समावेश नगरिने व्यहोरा समेत जानकारी गराईन्छ।

२०८२।१२।०३
डा. टेक राज पौडेल
वरिष्ठ पशु विकास अधिकृत (नवौं तह)
कार्यालय प्रमुख

**आवश्यक कागजातहरुः**

१. रु. १० (दश) को हुलाक टिकट टाँसेको अनुसूची २ अनुसारको निवेदन
२. प्रस्तावकको नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।
३. प्रस्तावक सम्बन्धित सरकारी निकायमा दर्ता/नविकरण भएको प्रमाणको प्रतिलिपि ।
४. PAN र आ.व. २०८१/८२ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि ।
५. समूह/सहकारीको आ.व. २०८१/८२ को लेखापरिक्षण प्रतिवेदन र साधरण सभा बैठकको निर्णय प्रतिलिपि।
६. जग्गाको स्वामित्व देखिने कागजात (भाडामा भए ५ वर्षको करार सम्झौता पत्रको प्रतिलिपि)।
७. अनुसूची १८ अनुसारको उपकरण माग फारम ।
८. अनुसूची ५ बमोजिमको प्रतिबद्धता पत्र ।
९. अनुसूची ६ बमोजिमको कार्य स्थान खुल्ने नक्सा ।
१०. अनुसूची २५ बमोजिमको स्व घोषणा ।
११. सम्बन्धित स्थानीय तह, पशु सेवा शाखाको दोहोरो सुविधा नलिएको वा नहुने बारेको सिफारिस पत्र।
१२. समूह/सहकारीको हकमा कार्यक्रममा सहभागी हुने कृषकको नाम र ठेगाना खुलाईएको पत्र।
१३. गत आर्थिक वर्षमा कृषि तथा पशुपन्छी विकास मन्त्रालय बागमती प्रदेश वा मातहतका कार्यालयमार्फत कृषि क्षेत्र विकासका लागि अनुदान प्राप्त गरेका लाभग्राहीलाई चालु आर्थिक वर्षको अनुदान कार्यक्रममा सहभागी गराईने छैन ।

**नोटः** प्रस्तावकहरुले अनुसूची २,५,६,१८,२५ र एकिकृत पशुपन्छी तथा मत्स्य कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२ यस कार्यालयको वेवसाईट *vetdolakha.gov.np* बाट डाउनलोड गर्न सकिनेछ ।

थप जानकारीका लागि कार्यालयको सम्पर्क नं. ०४९-४२१११५ वा सूचना अधिकारी ९८५४०४५११४ मा सम्पर्क गर्न सकिनेछ।